**मंगला गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड : ८ बाबियाचौर, म्याग्दी संख्या : २ मिति : २०८२ साल भाद्र ०१**

भाग-२

मंगला गाउँपालिका

# मंगला गाउँपालिकाको स्थानीय बाल अधिकार समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः**

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा ३ बमोजिम बाल अधिकारको संरक्षण र सम्बर्द्धन गर्नका लागि बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि निर्माण गरी मंगला गाउँपालिकाको गाउँकार्यपालिकाको मिति २०८२/०४/३० गतेको निर्णयबाट स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१. यस कार्यविधिको नाम **"मंगला गाउँपालिका स्थानीय बाल अधिकार समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ ।

२. यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"ऐन"** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

ख) **"मन्त्रालय"** भन्नाले नेपाल सरकारको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

ग) **"प्रदेश मन्त्रालय"** भन्नाले गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ।

घ) **"प्रदेश समिति"** भन्नाले बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ६० को उपदफा (१) बमोजिमको प्रदेश बाल अधिकार समिति सम्झनु पर्दछ ।

ङ) **"गाउँपालिका"** भन्नाले मंगला गाउँपालिका सम्झनु पर्दछ ।

च) **"बाल कल्याण अधिकारी"** भन्नाले बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ६१ बमोजिम नियुक्ति भएको वा तोकिएको अधिकारी सम्झनु पर्दछ ।

छ) **"समिति"** भन्नाले बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ६० को उपदफा (२) तथा यस कार्यविधिको दफा (३) तथा दफा (५) बमोजिमको स्थानीय बाल अधिकार समिति सम्झनु पर्दछ ।

ज) **"स्थानीय बाल अधिकार समिति"** भन्नाले गाउँपालिका बाल अधिकार समिति र वडा बाल अधिकार समिति सम्झनु पर्दछ ।

## परिच्छेद-२

**३. गाउँपालिका बाल अधिकार समिति गठनः**

१. बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र सम्बर्द्धन गर्न गाउँपालिकामा देहाय बमोजिम **गाउँपालिका बाल अधिकार समिति** रहनेछ ।

**देहाय :**

क. गाउँपालिका उपाध्यक्ष - अध्यक्ष

ख. उपाध्यक्ष/अध्यक्षले तोकेको कार्यपालिका सदस्य - सदस्य

ग. अध्यक्ष वा उपाध्यक्षले तोकेको महिला वडा सदस्य सहित २ जना -सदस्य

घ. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ङ. शिक्षा शाखा प्रमुख - सदस्य

च. स्वास्थ्य शाखा प्रमुख - सदस्य

छ. गाउँपालिका भित्रको प्रहरी कार्यालय प्रमुख - सदस्य

ज. गाउँपालिकाभित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक मध्येबाट १ जना - सदस्य

झ. महिला द्धारा संचालित सहकारी संस्थाको प्रतिनिधि १ जना - सदस्य

ञ. बाल संरक्षण तथा विपद प्रतिकार्यमा क्रियाशिल स्थानीय संघसंस्थाका प्रतिनिधि १ जना - सदस्य

ट .स्थानिय सन्चारकर्मी - सदस्य

ठ. गाउँपालिकास्तरिय बाल संजालको अध्यक्ष सहित २ जना (बालक र बालिका) - सदस्य

ड. बाल कल्याण अधिकारी/बालबालिका सम्बन्धी कार्य गर्ने कर्मचारी -सदस्य सचिव

**२. मनोनित सदस्यको पदावधि**

मनोनित सदस्यको पदावधि एक कार्यकाल सम्म निर्वाचित जनप्रतिनिधिहरुको कार्यकाल संगै अन्त्य हुनेछ र दफा (३) १ र दफा ५ बमोजिम सदस्यमा मनोनयन हुनको लागि भष्ट्राचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसापोसार, लागुऔषध बिक्री वितरण तथा ओसारपोसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसुर, संगठित अपराध, बालबालिका विरुद्धको कसुर, बालअधिकारको हनन् वा पतन देखिने अन्य फौजदारी कसुरमा सजाय नपाएको व्यक्ति हुनुपर्नेछ।

**४. गाउँपालिका बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार :**

दफा ३ बमोजिम गठन हुने गाउँपालिका बालअधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. समितिको दिर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने,

ख. बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रबर्द्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्ने,

ग. गाउँपालिकामा संचालित बालबालिका सम्बन्धी कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

घ. बाल अधिकार सम्बन्धी कार्यक्रम कार्यान्वयनको लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्य सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने,

ङ. नेपाल पक्ष रहेको बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय, सन्धिसँग सम्बन्धी पालिकास्तरीय आवधिक प्रतिवेदन तयार गर्ने सहजिकरण गर्ने,

च. गाउँपालिकाभित्र हुन सक्ने बालविवाह, बालश्रम, शारिरीक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण र व्यवस्थापन र बालबालिका खोजतलास नं. १०४ तथा बाल हेल्पलाइन नं. १०९८ बाट हुने सेवा जस्ता कार्य समन्वय, सहयोग र सहजिकरण गर्ने,

छ. बाल अधिकार संरक्षण तथा प्रबर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

ज. बालबालिका सम्बन्धी प्रतिवेदन तयार गरी मन्त्रालय, प्रदेश मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद र सम्बन्धित निकायहरुमा पठाउने,

झ. बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क/विवरण संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, संचालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

ञ. बालसंरक्षण तथा बालअधिकार प्रवर्द्धनका लागि संचालन हुने राष्ट्रिय/प्रादेशिक र गाउँपालिकाकको अभियानमा सहयोग गर्ने,

ट. विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिने दिने कार्यलाई व्यवस्थित गर्न सहजीकरण गर्ने,

ठ. प्रचलित कानुन तथा मापदण्ड बमोजिम संचालन हुन नसकेका बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रहरुलाई सुधारका लागि निर्देशन दिने, निर्देशन पालना नगरेमा बन्द तथा कारबाही गर्न सुझावसहित सम्बन्धित निकायमा सिफारिस गर्ने,

ड. गाउँपालिकाभित्र संचालित बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिता सम्बन्धमा देहायको बुदाँहरुमा अनुगमन टोली/समिति गठन गरी अनुगमन गर्ने/गराउने

    १. बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,
    २. बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छैन,
    ३. बालक्लब गठन गरी बालबालिकालाई खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य क्रियाकलापहरुमा संलग्न गराइएको छ वा छैन,
    ४. बालबालिका सम्बन्धी ऐन, प्रचलित कानुन तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

५. बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरणको केन्द्र कुनै अवाञ्छित कार्य भएको छ वा छैन,

६. उपखण्ड ५ मा उल्लेखित गृह र केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,

७. बालगृहमा आश्रित बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकता अनुसार अन्तिम विकल्पको रुपमा बालकल्याण अधिकारीबाट व्यवस्था मिलाई राखिएको छ वा छैन,

८. व्यवस्थापन पक्ष तथा बालबालिकाको ऐन, प्रचलित कानुन वा मापदण्ड बमोजिम पालना गर्नुपर्ने कुराहरु पालना गरेको छ वा छैन,

९. उपलब्ध श्रोत, साधनलाई मध्यनजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ, वा छैन,

१०. बालसंरक्षण मापदण्ड निर्माण गरी लागु गरेको छ वा छैन,

११. गाउँपालिका बाल अधिकार समितिको निर्णय सर्वसम्मतीवाट हुनेछ। मत बाझिएमा बहुमतको निर्णय मान्य हुनेछ।

१२. तोकिए बमोजिमको अन्य कार्य गर्ने।

## ५. वडा बालअधिकार समितिको गठनः

गाउँपालिकामा प्रत्येक वडाभित्र देहाय बमोजिमको वडा बाल अधिकार समिति रहनेछ।

| | |
|---|---|
| क. वडा अध्यक्ष | -अध्यक्ष |
| ख. वडा महिला सदस्य र दलित महिला सदस्य २ जना | -सदस्य |
| ग. वडा भित्रको स्वास्थ्य संस्थाको प्रुमख/प्रतिनिधि | -सदस्य |
| घ. वडा भित्रका सामुदायिक वा संस्थागत विद्यालयहरुमध्ये बाट वडाध्यक्षलेमनोनित गरेका १ जना प्रधानाध्यापक | -सदस्य |
| ङ. महिला समुह तथा सस्थाको प्रतिनिधि | -सदस्य |
| च. वडा भित्रका महिला स्वास्थ्य स्वयंसेविका मध्ये १ जना | -सदस्य |
| छ. वडा बाल संजाल अध्यक्ष सहित २ जना(बालक र बालिका) | -सदस्य |
| ज. वडाबाट नजिक रहेको सुरक्षा निकायको प्रमुख | -सदस्य |
| झ. वडा सचिव | -सदस्य सचिव |

## ६. वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः

क. बाल अधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी, योजना तर्जुमा गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने।

ख. वडा भित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन/अद्यावधिक गर्ने र गाउँपालिका बाल अधिकार समिति समक्ष पठाउने।

ग. वडा भित्र बालबालिकाहरुका क्षेत्रमा कार्यरत संघ-संस्था, बालक्लब लगायतका सरोकारवालाहरुबिच आवश्यक समन्वय र सहकार्य गरी बालअधिकार सम्बन्धी संरक्षणात्मक र प्रबर्द्धनात्मक कार्यहरु गर्ने, गराउने।

घ. बालअधिकारका क्षेत्रमा कार्यरत स्थानीय संघसंस्थाहरु संग समन्वय गरी कार्य गर्ने।

ङ. जोखिममा परेका बालबालिकाको तत्काल उद्धारका लागि स्थानीय बाल अधिकार समिति र सम्बन्धित निकायसँग समन्वय गर्ने।

च. वडाभित्र बालअधिकार हननका घटनाका सम्बन्धमा सम्बन्धित निकायसँग समन्वयकारी भुमिका निर्वाह गर्ने।

छ. आवश्यकता अनुसार बालबालिकाहरुको निम्ति आकस्मिक कोषको व्यवस्था मिलाउने।

ज. बालअधिकारको सम्मान, संरक्षण र प्रबर्द्धनका लागि वकालत गर्ने र वडा समितिलाई बाल अधिकारका क्षेत्रमा आवश्यक सुझाव दिने।

झ. वडाभित्र बालबालिकाका सम्बन्धमा भए गरेका कार्यक्रमहरुको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र गाउँपालिका बाल अधिकार समिति समक्ष पठाउने।

ञ. तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

**७. गाउँपालिका/वडा बाल अधिकार समिति बैठक सम्बन्धी कार्यविधिः**

गाउँपालिका बालअधिकार समिति, वडा बाल अधिकार समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ।

क. समितिको बैठक कम्तिमा वर्षको चारपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

ख. अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ।

ग. सदस्य सचिवले समितिको बैठक बस्ने सूचना र बैठकमा छलफल हुने विषयहरुको सुची सहित दुईदिन अगाडी समितिका सदस्यहरुलाई उपलब्ध गराउनुपर्नेछ।

घ. समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

ङ. समितिमा बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितमा उपस्थित सदस्यहरुले आफुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

च. बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ।

छ. समितिको बैठकको निर्णय समितिको अध्यक्षद्धारा प्रमाणित हुनेछ।

ज. समितिको बैठक तथा संचालन खर्च गाउँपालिकाको नियमानुसार हुनेछ।

झ. बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

ञ. समितिको बैठकमा आवश्यकता अनुसार विषयसंग सम्बन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ।

**८. उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः**

क. स्थानीय समितिले आफुले गर्नुपर्ने कुनै कार्य सुचारु रुपले संचालन गर्नका लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ।

ख. दफा(८)१ बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार कार्यप्रकृति अनुसार काममा खटिए वा काम गरेबापत टोलि वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि गाउँपालिकाको प्रचलित नियमानुसार समितिले तोकिदिए बमोजिम हुनेछ।

**९. विविध — बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार**

क. बालबालिकाको हकहितको संरक्षण तथा बालकल्याण सम्बन्धी गाउँपालिका स्तरीय योजना तथा कार्यक्रम तर्जुमा गर्न स्थानीय बाल अधिकार समितिलाई सहयोग गर्ने,

ख. स्थानीय बाल अधिकार समितिको निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने गराउने,

ग. स्थानीय बाल अधिकार समितिको सदस्य सचिव भई काम गर्ने,

घ. स्थानीय बाल अधिकार समितिबाट प्रत्यायोजित एंव निर्देशित अन्य काम गर्ने/गराउने।

**आज्ञाले,**
**गोपाल शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**